# मण्डनदेउपुर नगरपालिका
**MANDANDEUPUR MUNICIPAL**
नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**
महादेवस्थान
**Mahadevsthan**

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province,
Nepal


पत्रसंख्या : २०७८।७९
चलानी नं. १२३

मिति : २०७९।०४।०९

विषय: कार्यक्रममा अनिवार्य उपस्थिति हुने बारे ।

श्री सबै सामुदायिक विद्यालयहरू/बाल विकास केन्द्रहरू
मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक ।

उपर्युक्त सम्बन्धमा यस नगरपालिकाबाट मिति २०७९/०४/१५ गते आइतबारका दिन नगरपालिका अन्तर्गतका *सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि शिक्षकहरूसँगको अन्तर्क्रिया विषयक १ दिवसीय कार्यक्रम* आयोजना गरिएको हुँदा बालविकास केन्द्रदेखि माध्यमिक तहसम्मका सामुदायिक विद्यालयहरूका व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष, प्रधानाध्यापक, प्रत्येक विद्यालयका सम्पूर्ण शिक्षकहरू तथा बाल विकास सहजकर्ताहरू समेत निम्न स्थान र समयमा अनिवार्य उपस्थितिको लागि निर्देशानुसार अनुरोध छ । शैक्षिक सुधारसम्बन्धी छलफल र अन्तर्क्रियाका विषयवस्तु निम्नअनुसार छन्-

**छलफल तथा अन्तर्क्रियाका विषयहरू**

१. मण्डनदेउपुर नगरपालिकाको दीर्घकालीन शैक्षिक योजना निर्माणको लागि सुझाव सङ्कलन,
२. सामुदायिक विद्यालयको शैक्षिक सुधारको लागि छलफल तथा अन्तर्क्रिया (विषय विज्ञहरूबाट सहजीकरण हुने),
३. मन्डनदेउपुर नगरपालिकाको स्थानीय पाठ्यक्रम-२०७९ (कक्षा १-८) को प्रबोधीकरण,
४. सामुदायिक विद्यालयहरूमध्ये असल अभ्यास गर्दै आएका केही विद्यालयहरूको अभ्यास र अनुभवको आदानप्रदान
५. सामुदायिक विद्यालयमा सिकाइ उपलब्धि अभिवृद्धिका लागि प्रधानाध्यापक र शिक्षकसँगको करार सम्झौता ।

**कार्यक्रम हुने समय र स्थान**

स्थानः मण्डनदेउपुर पाटी प्यालेस, कुन्तबेशी
समयः बिहान ठिक १०.०० बजे
पुनश्चः उक्त दिन स्थानीय विदाबाट मिलान गर्ने गरी कार्यक्रममा सहभागी विद्यालयहरु बन्द हुनेछन् ।

(डिकबहादुर राई)
उपसचिव (दशौं तह)
उपसचिव (दशौं)


फोन नं. : ०११-४१२११४
Web Site: mandandeupurmun.gov.np, E-mail: mandandeupurmu@gmail.com